# नेपाल राष्ट्र बैंक

## आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

*(आर्थिक वर्ष २०७८/७९ को तीन महिनाको तथ्याङ्कमा आधारित)*

### प्रमुख झलक


- *वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ४.२४ प्रतिशत छ।*
- *आयात ६३.७ प्रतिशतले र निर्यात १०९.५ प्रतिशतले बढेको छ।*
- *विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ७.६ प्रतिशत र अमेरिकी डलरमा ७.७ प्रतिशतले घटेको छ।*
- *शोधनान्तर स्थिति रु.७६ अर्ब १३ करोडले घाटामा छ।*
- *कुल विदेशी विनिमय सञ्चिति १० अर्ब ९८ करोड अमेरिकी डलर रहेको छ।*
- *संघीय सरकारको खर्च रु.२३४ अर्ब ५२ करोड र राजस्व परिचालन रु.२५५ अर्ब ४ करोड छ।*
- *विस्तृत मुद्राप्रदाय २.२ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १७.९ प्रतिशतले बढेको छ।*
- *बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन १.२ प्रतिशतले बढेको छ र निजीक्षेत्रमाथिको दावी ७.८ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १७.२ प्रतिशत र निजीक्षेत्रमाथिको दावीको वृद्धिदर ३०.८ प्रतिशत छ।*

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१. २०७८ असोज महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ४.२४ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ३.७९ प्रतिशत रहेको थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.६३ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.७२ प्रतिशत रहेको छ।

चार्ट १: वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति




२. २०७७ असोजको तुलनामा २०७८ असोजमा घ्यू तथा तेल, माछा तथा मासु, दाल तथा गेडागुडी, सुर्तीजन्य वस्तु र गैर-मदिराजन्य पेय पदार्थ उपसमूहको मूल्यवृद्धि क्रमशः ३१.६८ प्रतिशत, ११.९३ प्रतिशत, १०.७१ प्रतिशत, १०.१२ प्रतिशत र ९.६३ प्रतिशत रहेको छ।

३. समीक्षा महिनामा काठमाडौं उपत्यकामा ३.४८ प्रतिशत, तराईमा ४.०१ प्रतिशत, पहाडमा ५.६८ प्रतिशत र हिमालमा ३.१२ प्रतिशत मुद्रास्फीति रहेको छ। २०७७ असोजमा यी क्षेत्रहरुमा क्रमशः ३.३५ प्रतिशत, ४.४६ प्रतिशत, ३.०३ प्रतिशत र ४.३९ प्रतिशत मुद्रास्फीति रहेको थियो।

तालिका १ : वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति (प्रतिशत)

| विवरण | २०७७ असोज | २०७८ भदौ | २०७८ असोज |
|---|---|---|---|
| ***समग्र मुद्रास्फीति*** | ३.७९ | ३.४९ | ४.२४ |
| *खाद्य तथा पेय पदार्थ* | ५.५० | २.५७ | ३.६३ |
| *गैर-खाद्य तथा सेवा* | २.४६ | ४.२२ | ४.७२ |

### थोक मुद्रास्फीति

४. २०७८ असोजमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ३.८३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ८.२६ प्रतिशत रहेको थियो ।

५. समीक्षा महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः २.११ प्रतिशत, ४.५५ प्रतिशत र ५.८६ प्रतिशत रहेको छ। समीक्षा महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि १२.३२ प्रतिशत रहेको छ।

### तलब तथा ज्यालादर सूचकाङ्क

६. २०७८ असोजमा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ४.९२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही महिनामा उक्त सूचकाङ्क ०.९२ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा तलब सूचकाङ्क र ज्यालादर सूचकाङ्क क्रमशः ९.४४ प्रतिशत र ३.६३ प्रतिशतले बढेको छ।

### नेपाल र भारतको उपभोक्ता मुद्रास्फीति


७. २०७८ असोजमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति नेपालमा ४.२४ प्रतिशत र सन् २०२१ अक्टोबरमा भारतमा ४.४८ प्रतिशत रहेको छ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

८. आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा कुल वस्तु निर्यात १०९.५ प्रतिशतले वृद्धि भई रु.६५ अर्ब ५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १४.३ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत, चीन तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः १४७.१ प्रतिशत, १९.४ प्रतिशत र २७.२ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा सोयाविन तेल, पाम तेल, पिना, धागो (पोलिष्टर तथा अन्य), जुटका सामान लगायतका वस्तुको निर्यात बढेको छ भने चिया, अलैंची, जस्तापाता, तार, आयुर्वेदिक औषधी लगायतका वस्तुको निर्यात घटेको छ।

चार्ट २: वैदेशिक व्यापार (तीन महिना)




९. आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा कुल वस्तु आयात ६३.७ प्रतिशतले वृद्धि भई रु.४७८ अर्ब ५२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १२.७ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ४८.४ प्रतिशत, ५५.२ प्रतिशत र १२४.२ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, सुन लगायतका वस्तुको आयात बढेको छ भने सिमेन्ट, रासायनिक मल, दाल, मोलासिस सुगर, सुर्ती लगायतका वस्तुको आयात घटेको छ।

१०. निर्याततर्फ कन्चनपुर, कृष्णनगर, मेची र नेपालगञ्ज भन्सार कार्यालयबाहेकका नाकाबाट गरिएको निर्यात वृद्धि भएको छ। आयाततर्फ कैलाली भन्सार कार्यालयबाहेकका नाकाबाट भएको आयातमा वृद्धि भएको छ।

११. आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा कुल वस्तु व्यापार घाटा ५८.३ प्रतिशतले वृद्धि भई रु.४१३ अर्ब ४७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १५.१ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात १३.६ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १०.६ प्रतिशत रहेको थियो।

१२. समीक्षा अवधिमा भारतबाट अमेरिकी डलर भुक्तानी गरी रु.५४ अर्ब १७ करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु.३३ अर्ब ९२ करोड बराबरको भएको थियो ।

**वैदेशिक व्यापारको संरचना**

१३. वृहत्त आर्थिक वर्गीकरण अनुसार समीक्षा अवधिको कुल निर्यातमा मध्यवर्ती तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ४१.७६ प्रतिशत र ५८.२२ प्रतिशत रहेको छ भने पूँजीगत वस्तुको अनुपात नगन्य अर्थात् ०.०३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिको कुल निर्यातमा मध्यवर्ती, पूजीगत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात क्रमशः ३२.६ प्रतिशत, ०.९ प्रतिशत र ६६.५ प्रतिशत रहेको थियो ।

१४. समीक्षा अवधिको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ५३.० प्रतिशत, पूँजीगत वस्तुको ११.० प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ३६.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरु क्रमशः ५१.२ प्रतिशत, १३.१ प्रतिशत र ३५.७ प्रतिशत रहेका थिए ।

**निर्यात-आयात मूल्य सूचकाङ्क**

१५. वार्षिक विन्दुगत आधारमा २०७८ असोज महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) १०.४ प्रतिशतले बढेको छ भने आयात मूल्य सूचकाङ्क १३.९ प्रतिशतले बढेको छ । २०७७ असोज महिनामा ५.१ प्रतिशतले बढेको व्यापारको शर्त (Terms of Trade) २०७८ असोज महिनामा ३.१ प्रतिशतले घटेको छ ।

**सेवा**

१६. समीक्षा अवधिमा खुद सेवा आय रु.२३ अर्ब ७९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु.११ अर्ब ९४ करोडले घाटामा रहेको थियो ।

१७. सेवा खाता अन्तर्गत समीक्षा अवधिमा भ्रमण आय १८३.८ प्रतिशतले वृद्धि भई रु.४ अर्ब २० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु.१ अर्ब ४८ करोड रहेको थियो ।

१८. समीक्षा अवधिमा सेवा खाता अन्तर्गत भ्रमण व्यय १८७.१ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब २६ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु.८ अर्ब ९२ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु.५ अर्ब ३२ करोड रहेकोमा शिक्षातर्फको व्यय रु.४ अर्ब ४३ करोड रहेको थियो ।

**विप्रेषण आप्रवाह**

१९. समीक्षा अवधिमा विप्रेषण आप्रवाह ७.६ प्रतिशतले कमी आई रु.२३९ अर्ब ३२ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १२.७ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.७ प्रतिशतले कमी आई २ अर्ब २ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.६ प्रतिशतले बढेको थियो ।

२०. समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भई ६६,३१६ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ९६.८ प्रतिशतले घटेको थियो । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा उल्लेख्य रुपमा वृद्धि भई ३४,८२३ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७८.६ प्रतिशतले घटेको थियो ।

२१. समीक्षा अवधिमा खुद ट्रान्सफर ८.१ प्रतिशतले कमी आई रु.२६३ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १०.२ प्रतिशतले बढेको थियो ।

### चालु खाता एवम् शोधनान्तर स्थिति

२२. समीक्षा अवधिमा चालु खाता रु.१५१ अर्ब ७० करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.३३ अर्ब ३८ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २७ करोड ९९ लाखले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा १ अर्ब २८ करोडले घाटामा रहेको छ ।


२३. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ४५.९ प्रतिशतले कमी आई रु.१ अर्ब ९२ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ७३.५ प्रतिशतले वृद्धि भई रु.५ अर्ब ७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु.३ अर्ब ५६ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु.२ अर्ब ९२ करोड रहेको थियो ।

२४. समीक्षा अवधिमा शोधनान्तर स्थिति रु.७६ अर्ब १४ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.१०१ अर्ब ९ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ८५ करोड १० लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ६४ करोड ३१ लाखले घाटामा रहेको छ ।

### कुल विदेशी विनिमय सञ्चिति

२५. २०७८ असार मसान्तमा रु.१३९९ अर्ब २ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ५.७ प्रतिशतले कमी आई २०७८ असोज मसान्तमा रु.१३१९ अर्ब ३२ करोड कायम भएको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७८ असोज मसान्तमा ६.५ प्रतिशतले कमी आई १० अर्ब ९८ करोड कायम भएको छ ।

**चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (असोज मसान्त)**




२६. कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा रु.१२४४ अर्ब ६३ करोड रहेकोमा २०७८ असोज मसान्तमा ८.० प्रतिशतले कमी आई रु.११४५ अर्ब २९ करोड कायम भएको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा रु.१५४ अर्ब ३९ करोड रहेकोमा २०७८ असोज मसान्तमा १२.७ प्रतिशतले वृद्धि भई रु.१७४ अर्ब ३ करोड पुगेको छ । २०७८ असोज मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.१ प्रतिशत रहेको छ ।

### सञ्चिति पर्याप्तता सूचक

२७. आर्थिक वर्ष २०७८/७९ को तीन महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ८.६ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०७८ असोज मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरु क्रमशः ३०.९ प्रतिशत, ६४.७ प्रतिशत र २५.१ प्रतिशत रहेका छन् । २०७८ असार मसान्तमा यी अनुपातहरु क्रमशः ३२.८ प्रतिशत, ८४.७ प्रतिशत र २७.१ प्रतिशत रहेका थिए ।

### कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

२८. अन्तर्राष्ट्रिय बजारमा २०७७ असोज मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ४१.३४ रहेको कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७८ असोज मसान्तमा १०४.८ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ८४.६७ पुगेको छ । त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा २०७७ असोज मसान्तमा प्रति आउन्स सुनको मूल्य अमेरिकी डलर १९०५.०५ रहेकोमा २०७८ असोज मसान्तमा ६.९ प्रतिशतले कमी आई अमेरिकी डलर १७७२.६५ कायम भएको छ ।

### विनिमय दर

२९. २०७८ असार मसान्तको तुलनामा २०७८ असोज मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.९ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ २.८ प्रतिशतले अधिमूल्यन भएको थियो । २०७८ असोज मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु.१२०.१२ पुगेको छ । २०७८ असार मसान्तमा उक्त विनिमय दर रु.११९.०४ रहेको थियो ।

## सरकारी वित्त स्थिति

### संघीय सरकार

### खर्च तथा राजस्व

३०. नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार २०७८ असोज मसान्तसम्ममा चालु खर्च रु.१८६ अर्ब ५२ करोड, पुँजीगत खर्च रु.१४ अर्ब ८९ करोड र वित्तीय व्यवस्था अन्तर्गतको खर्च रु.३३ अर्ब ११ करोड गरी कुल रु.२३४ अर्ब ५२ करोड खर्च भएको छ (अनुसूची-१३) ।

३१. समीक्षा अवधिमा सरकारको कर राजस्व रु.२२९ अर्ब ८ करोड र गैर कर राजस्व रु.२५ अर्ब ९६ करोड गरी कुल राजस्व रु.२५५ अर्ब ४ करोड (प्रदेश सरकार तथा स्थानीय तहमा बाँडफाँट हुने रकमसमेत) परिचालन भएको छ (अनुसूची-१३) ।

### प्रदेश सरकार


३२. आर्थिक वर्ष २०७८/७९ को असोज महिनासम्ममा प्रदेश सरकारको स्रोत प्राप्ति रु.२९ अर्ब ४० करोड रहेको छ । यसमध्ये संघीय सरकारले प्रदेश सरकारलाई अनुदान र संघीय विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१६ अर्ब ७१ करोड हस्तान्तरण गरेको छ । यस अवधिमा प्रदेश सरकारहरुले राजस्व र अन्य स्रोतबाट रु.१२ अर्ब ६९ करोड परिचालन गरेका छन् । यसैगरी, यस अवधिमा प्रदेश सरकारहरुको खर्च रु.१४ अर्ब १८ करोड रहेको छ ।

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

३३. आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा विस्तृत मुद्राप्रदाय २.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ५.६ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ असोज मसान्तमा विस्तृत मुद्राप्रदाय १७.९ प्रतिशतले बढेको छ ।

चार्ट ४: मुद्राप्रदायको वृद्धिदर (असोज)
(वार्षिक विन्दुगत)




३४. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु.७६ अर्ब १४ करोड (५.७ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु.१०१ अर्ब ९ करोड (७.६ प्रतिशत) ले बढेको थियो ।

३५. समीक्षा अवधिमा सञ्चित मुद्रा २.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १.७ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ असोज मसान्तमा सञ्चित मुद्रा ०.५ प्रतिशतले बढेको छ ।

### कुल आन्तरिक कर्जा

३६. आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा कुल आन्तरिक कर्जा ५.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.८ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ असोज मसान्तमा यस्तो कर्जा २९.७ प्रतिशतले बढेको छ ।

३७. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ७.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दावी ४.२ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ असोज मसान्तमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ३०.७ प्रतिशतले बढेको छ ।

### निक्षेप परिचालन

३८. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ४.९ प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप १७.२ प्रतिशतले बढेको छ ।

**तालिका २: बैंक तथा बित्तीय संस्थाहरुमा रहेको निक्षेपको अंश (प्रतिशतमा)**

| निक्षेप | असार मसान्त | | असोज मसान्त | |
|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७७ | २०७८ |
| चल्ती | १०.० | १०.४ | ९.१ | ७.७ |
| बचत | ३१.९ | ३४.२ | ३२.८ | ३४.४ |
| मुद्दती | ४८.६ | ४७.० | ४९.५ | ५०.३ |
| अन्य | ९.४ | ८.४ | ८.७ | ७.६ |


३९. २०७८ असोजमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ७.७ प्रतिशत, ३४.४ प्रतिशत र ५०.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ९.१ प्रतिशत, ३२.८ प्रतिशत र ४९.५ प्रतिशत रहेको थियो ।

४०. २०७८ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ४०.५ प्रतिशत रहेको छ । २०७७ असोज मसान्तमा यस्तो निक्षेपको अंश ४३.२ प्रतिशत रहेको थियो ।

### कर्जा प्रवाह

४१. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ७.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.० प्रतिशतले बढेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७८ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३१.७ प्रतिशतले बढेको छ ।

**चार्ट ५: निक्षेप तथा कर्जा वृद्धिदर (असोज) (वार्षिक बिन्दुगत)**




४२. समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ७.४ प्रतिशतले, विकास बैंकहरुको कर्जा प्रवाह १०.२ प्रतिशतले र वित्त कम्पनीहरुको कर्जा प्रवाह १०.४ प्रतिशतले बढेको छ ।

४३. २०७८ असोज मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहिरहेको कर्जामध्ये ६६.६ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १२.३ प्रतिशत कर्जा चालु सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । २०७७ असोज मसान्तमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ६५.९ प्रतिशत र १२.६ प्रतिशत रहेको थियो ।

४४. आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जामध्ये कृषि क्षेत्रतर्फको कर्जा ९.१ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ७.१ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ४.८ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको कर्जा ७.५ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको कर्जा ५.० प्रतिशतले बढेको छ ।

४५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कर्जामध्ये आवधिक कर्जा ७.१ प्रतिशतले, ओभरड्राफ्ट कर्जा १३.४ प्रतिशतले, डिमान्ड तथा चालु पुँजी कर्जा ६.१ प्रतिशतले, रियल स्टेट कर्जा (व्यक्तिगत आवासीय घर कर्जासमेत) ५.९ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ४.७ प्रतिशतले र हायर पर्चेज कर्जा ३.६ प्रतिशतले बढेको छ भने मार्जिन प्रकृति कर्जा २.२ प्रतिशतले घटेको छ ।

## तरलता व्यवस्थापन

४६. आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा रिभर्स रिपोमार्फत् रु.२८ अर्ब ३५ करोड र निक्षेप संकलन उपकरणमार्फत् रु.३१ अर्ब ६५ करोड गरी कुल रु.६० अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रु.६० अर्ब तरलता प्रशोचन भएको थियो ।

४७. समीक्षा अवधिमा रिपोमार्फत् रु.१८५ अर्ब ५० करोड र स्थायी तरलता सुविधामार्फत् रु.८२२ अर्ब ६८ करोड गरी कुल रु.१००८ अर्ब १७ करोड तरलता प्रवाह गरिएको छ ।

४८. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) मा अमेरिकी डलर २४ करोड ७६ लाख खुद खरिद गरी रु.२९ अर्ब ७३ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब २४ करोड खुद खरिद गरी रु.१४७ अर्ब ४३ करोड तरलता प्रवाह गरिएको थियो ।

४९. समीक्षा अवधिमा अमेरिकी डलर ९४ करोड बिक्री गरी रु.१११ अर्ब ५३ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ८४ करोड बिक्री गरी रु.९९ अर्ब ६४ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो ।

## पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

५०. यस बैंकले सहुलियत दरमा प्रदान गर्दै आएको पुनरकर्जा २०७८ असोज मसान्तमा रु.११९ अर्ब ३५ करोड लगानीमा रहेको छ ।

५१. २०७८ असोज मसान्तसम्ममा १ लाख २९ हजार ६ सय ८० ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.१९८ अर्ब ९२ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ५३ हजार ७ सय ८५ ऋणीलाई प्रवाह भएको रु.१२६ अर्ब ८१ करोड कर्जा रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ७३ हजार ७८ महिला उद्यमीलाई प्रवाह भएको रु.६८ अर्ब ३२ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ८ सय १७ ऋणीको रु.३ अर्ब ८० करोड कर्जा बक्यौता रहेको छ ।

**तालिका ३: पुनरकर्जा कार्यविधि २०७७ बमोजिम स्वीकृत पुनरकर्जा विवरण (रु. करोडमा)**

| पुनरकर्जाको प्रकार | २०७७/७८ | | २०७८ असोज | |
|---|---|---|---|---|
| | ऋणी संख्या | कर्जा | ऋणी संख्या | कर्जा |
| साधारण | ११२९६ | ९८७५.० | ४४ | ४९३.९० |
| विशेष | २०४० | १४६२.० | ११ | १८६.२३ |
| लघु घरेलु तथा साना उद्यम | ३५५५४ | ३५३८.० | - | - |
| **कुल** | **४८८९०** | **१४८७५.०** | **५५** | **६८०.१३** |

५२. "व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुर्‍याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको कर्जा २०७८ असोज मसान्तसम्ममा रु.१ अर्ब ५ करोड स्वीकृत भएको छ ।

## अन्तर-बैंक कारोबार

५३. आर्थिक वर्ष २०७८/७९ को तीन महिनामा वाणिज्य बैंकहरुको रु.७९७ अर्ब २८ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकहरुबीच बाहेक) को रु.१२२ अर्ब ६१ करोड गरी कुल रु.९१९ अर्ब ८९ करोडको अन्तर-बैंक कारोबार भएको छ । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरुको रु.३२ अर्ब १७ करोड र अन्य वित्तीय संस्थाहरुको रु.४८ अर्ब ९८ करोड गरी कुल रु.८१ अर्ब १५ करोड अन्तर बैंक कारोबार भएको थियो ।

## ब्याजदर

५४. २०७७ असोजमा ९१-दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर ०.६३ प्रतिशत रहेकोमा २०७८ असोजमा ४.८६ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७७ असोजमा ०.११ प्रतिशत रहेकोमा २०७८ असोजमा ४.९५ प्रतिशत रहेको छ। मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक ब्याजदर २०७८ असोजमा ४.९५ प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही महिनामा यस्तो ब्याजदर ०.१७ प्रतिशत रहेको थियो ।

५५. वाणिज्य बैंकहरुको औसत आधार दर २०७७ असोजमा ७.७३ प्रतिशत रहेकोमा २०७८ असोजमा ७.५७ प्रतिशत कायम भएको छ। २०७८ असोजमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.४३ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ८.६९ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्ता दरहरु क्रमश: ५.४५ प्रतिशत र ९.८३ प्रतिशत रहेका थिए ।

## मर्जर/प्राप्ति

५६. वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०७८ असोज मसान्तसम्म कुल २३१ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १७२ संस्थाहरुको इजाजत खारेज हुन गई ५९ संस्था कायम भएका छन् ।

## वित्तीय पहुँच

५७. कुल ७५३ स्थानीय तहमध्ये २०७८ असोजसम्म ७५० तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७७ असोजसम्म ७४८ स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए ।

५८. यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७८ असोज मसान्तमा १३२ रहेको छ। यस मध्ये २७ वाणिज्य बैंक, १८ विकास बैंक, १७ वित्त कम्पनी, ६९ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७८ असार मसान्तमा १०,६८३ रहेकोमा २०७८ असोज मसान्तमा ११,०३९ पुगेको छ (तालिका ४) ।

**तालिका ४: बैंक तथा वित्तीय संस्थाको संख्या तथा शाखा संख्या***

| बैंक तथा वित्तीय संस्था | बैंक तथा वित्तीय संस्थाको संख्या | | | बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७८ असोज मसान्त | २०७७ असार मसान्त | २०७८ असार मसान्त | २०७८ असोज मसान्त |
| वाणिज्य बैंक | २७ | २७ | २७ | ४४३६ | ४७५३ | ४८२२ |
| विकास बैंक | २० | १८ | १८ | १०२९ | १०२३ | १०३६ |
| वित्त कम्पनी | २२ | १७ | १७ | २४३ | २२२ | २४३ |
| लघुवित्त वित्तीय संस्था | ८५ | ७० | ६९ | ४०५७ | ४६८५ | ४९३८ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | – | – | – |
| **जम्मा** | **१५५** | **१३३** | **१३२** | **९७६५** | **१०६८३** | **११०३९** |


*यस सम्बन्धी अद्यावधिक विवरण http://emap.nrb.org.np/ मा उपलब्ध छ ।

### विद्युतीय भुक्तानी कारोबार

५९. विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, विद्युतीय भुक्तानी कारोबारका लागि गरिएको प्रोत्साहन र सर्वसाधारणको विद्युतीय भुक्तानी उपकरण प्रयोगमा बढ्दो अभ्यासका कारण विद्युतीय भुक्तानी कारोबार बढ्दै गएको छ (तालिका ५९) ।

## पुँजी बजार

६०. २०७७ असोज मसान्तमा १५६२.५ रहेको नेप्से सूचकाङ्क २०७८ असोज मसान्तमा २६५७.० पुगेको छ ।



चार्ट ६: नेप्से सूचकाङ्क

६१. २०७८ असोज मसान्तमा धितोपत्र बजार पुँजीकरण रु. ३७१९ अर्ब ७२ करोड पुगेको छ। २०७७ असोज मसान्तमा बजार पुँजीकरण रु.२०८२ अर्ब ५८ करोड रहेको थियो ।

६२. २०७८ असोजमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २२२ पुगेको छ। सूचीकृत कम्पनीहरुमध्ये १४५ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ४१ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ५ होटल, ५ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । २०७७ असोजमा सूचीकृत कम्पनीहरूको संख्या २०९ रहेको थियो ।

६३. सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ७०.७ प्रतिशत रहेको छ । त्यसैगरी जलविद्युत कम्पनीको हिस्सा ८.६ प्रतिशत, लगानी कम्पनीको ७.१ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ४.१ प्रतिशत, होटेलको हिस्सा १.४ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.५ प्रतिशत तथा अन्य समूहका कम्पनीहरुको हिस्सा ७.६ प्रतिशत रहेको छ ।

६४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८ असोजसम्ममा सूचीकृत ५ अर्ब ९१ करोड शेयरको चुक्ता मूल्य रु.५८१ अर्ब २६ करोड रहेको छ ।

६५. आर्थिक वर्ष २०७८/७९ को तेस्रो महिनासम्ममा रु.३३ अर्ब ३ करोड बराबरको डिबेन्चर, रु.३ अर्ब ५६ करोड बराबरको साधारण शेयर, रु.२ अर्ब ५० करोड बराबरको म्युचुअल फण्ड, रु.१ अर्ब २८ करोड बराबरको बोनस शेयर र रु.१ अर्ब २३ करोड बराबरको हकप्रद शेयर गरी कुल रु.४१ अर्ब ६० करोड बराबरको थप धितोपत्र सूचीकृत भएका छन् ।

६६. समीक्षा अवधिमा नेपाल धितोपत्र बोर्डले रु.३ अर्ब बराबरको म्युचुअल फण्ड, रु.१ अर्ब ५८ करोड बराबरको साधारण शेयर, रु.१ अर्ब २० करोड बराबरको डिबेन्चर र रु.२४ करोड बराबरको हकप्रद शेयर गरी कुल रु.६ अर्ब २ करोड बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति दिएको छ ।